


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५८ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३२ अंक ०२ भदौ २०८१ Year 32 Vol 02 Aug./Sep. 2024

## राष्ट्रिय वाणिज्य बैंकद्वारा कोशी प्रदेश सभाका सांसदहरूलाई वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम आयोजना

**काठमाडौं, २५ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आयोजनामा कोशी प्रदेश सभाका माननीय सदस्यहरुका लागि वित्तीय साक्षरता सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको छ । कोशी प्रदेश सभाको सहकार्य एवं विफक्याब संस्थाको समन्वयमा सम्पन्न भएको उक्त कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष एवम् नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर दिपेन्द्रबहादुर क्षेत्रीले माननीय प्रदेश सभाका सदस्यहरुलाई वित्तीय साक्षरताको बारेमा स्रोत व्यक्तिको रुपमा सहजीकरण गर्नुभएको थियो ।



उक्त कार्यक्रममा कोशी प्रदेश सभाका माननीय सभामुख अम्बरबहादुर बिष्टले यस्तो कार्यक्रमको आवश्यकता बढेको बताउँदै व्यवसायीहरु ब्याजदरको कारणले पलायन हुन सक्ने जोखिम रहेको त्यसको लागि बैंकहरुको ब्याजदर स्थिर हुनुपर्ने बताउनुभयो । कोशी प्रदेश सभाका माननीय उपसभामुख सृजना दनुवारले वित्तीय साक्षरतालाई विद्यालय तहको पाठ्यक्रममा समावेश गर्न जोड दिनुभयो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत खनालले रा.वा.बैंकको वर्तमान अवस्था एवं बैंकले अर्थतन्त्रमा गरेको योगदानको बारेमा प्रकाश पार्नु भएको थियो । राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष एवम् नेपाल राष्ट्र बैंकका पूर्व गभर्नर क्षेत्रीले वित्तीय नीति, मौद्रिक नीति तथा करको माध्यमबाट स्रोत परिचालन, बजेट निर्माण, वित्तीय नीति निर्माणको कानूनी आधार बारेमा प्रकाश पार्नुभएको थियो ।

उक्त कार्यक्रममा पैसाको महत्व, पैसाको आदर्शतम उपयोग, मुद्राको महत्व, ब्याजदर, बैंक, उत्पादन र रोजगारी बीचको सम्बन्ध, विकास आवश्यकता छनौट लगायतका विषयमा प्रदेश सभा सदस्यहरुले जिज्ञासा राख्नुभएको थियो ।

बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीद्वारा स्वागत मन्तव्य सहित सुरु गरिएको उक्त कार्यक्रममा संघीय संसद सचिवालयका सचिव सुदर्शन खड्का, कोशी प्रदेश सभाका सचिव गोपालप्रसाद पराजुली, बैंकका विभागीय प्रमुख आनन्द सुवेदी, विफक्याब संस्थाका प्रमुख मनोज रेग्मी लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो । ■

## राष्ट्रिय वाणिज्य बैंकले ल्यायो ७.७७% ब्याजदरमा निजी गाडी कर्जा योजना

**काठमाडौं, ६ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले नजिकिदैं गरेको नेपालीहरुको महान् चाडपर्व उत्सव योजना अन्तर्गत ७.७७ प्रतिशत स्थिर ब्याजदरमा निजी सवारी(रातो प्लेट) प्रयोजनको लागि “Festive Offer of Vehicle Loan” गाडी कर्जा योजना ल्याएको छ । मासिक किस्ताबन्दीमा कर्जा भूक्तानी गर्ने गरी बैंकले अधिकतमा एक करोड रुपैंयासम्म कर्जा लगानी गर्ने छ । कर्जा रकमको ०.५० प्रतिशत सेवा शुल्क लाग्ने छ । गाडीको कोटेशनमा अंकित मुल्यको विधुतीय गाडी( इभी)को हकमा बढिमा ८० प्रतिशत र पेट्रोल/डिजेल गाडीको हकमा बढीमा ५० प्रतिशतसम्म बैंकले कर्जा लगानी गर्ने छ । कर्जा अवधि बढिमा ७ वर्ष सम्म दिइने यो




योजना २०८१ भदौ १ देखि कात्तिक मसान्तसम्म मात्र लागू हुने छ । यो योजना अन्तर्गत कर्जा लिईएका ग्राहकको कर्जा अवधिभर ब्याजदर परिवर्तन हुने छैन । निवेदन दिएको ७ कार्य दिन भित्रमा निर्णय दिने यस योजनामा गाडी कर्जा सम्बन्धी अन्य प्रचलित नियमहरु आकर्षित हुने छ । यो कर्जा बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट लिन सकिने छ । ■

## अन्तरवार्ता

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृत पदममा खुला प्रतिस्पर्धाबाट चार्टड एकाउन्टेन्ट देवेन्द्ररमण खनाल चार वर्षकालागि २०८१ जेठ ११ गते नियुक्त हुनुभएको छ । यसअघि बैंकको विभिन्न जिम्मेवारीमा रहेर कार्य गरिसक्नु भएका खनाल बैंकको का.मु.प्रमुख कार्यकारी अधिकृत हुनुहुन्थ्यो । यसैबीचमा बैंकका प्रमुख कार्यकारी अधिकृत खनालसँग रा.वा.बैंक समाचारका लागि सम्पादक ईश्वर उप्रेतीले लिनुभएको अन्तरवार्ता ।**



देवेन्द्ररमण खनाल
प्रमुख कार्यकारी अधिकृत
राष्ट्रिय वाणिज्य बैंक लि.

☞ राष्ट्रिय वाणिज्य बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा खुला प्रतिस्पर्धाबाट छनौट भई चार वर्षकालागि नियुक्त हुनभएको छ, सर्वप्रथम सम्पूर्ण बैंक परिवारको तर्फबाट यहाँलाई हार्दिक बधाई छ । यस बैंकको बर्तमान वित्तीय अवस्थाका सम्बन्धमा संक्षिप्तमा बताईदिनु हुन्छ कि ?

➢ धन्यवाद् ईश्वरजी । बैंकको गत आ.व.२०८०/०८१ को वित्तीय विवरण प्रकाशित भैसकेको छ। बैंकले यस अवधिमा तीन अर्ब ३९ करोड रुपैंया खुद मुनाफा आर्जन गर्न सफल भएको छ । आ.व. २०८०/०८१ को बैंकको खुद ब्याज आम्दानी १० अर्ब २३ करोड रुपैंया, कुल सञ्चालन आम्दानी ११ अर्ब ७७ करोड रुपैंया, खुद सञ्चालन नाफा(कर अघिको) पाँच अर्ब २० करोड रुपैंया, वितरणयोग्य मुनाफा ५८ करोड २१ लाख रुपैंया रहेको छ, कुल समग्र आम्दानी (Total Comprehensive Income) तीन अर्ब १२ करोड रुपैंया रहेको छ । २०८१ असार मसान्तमा बैंकको कुल निक्षेप चार खर्ब ३० अर्ब रुपैंया र खुद कर्जा तथा सापट रु. २ खर्ब ६० अर्ब रुपैंया पुगेको छ। २०८१ असार मसान्तसम्ममा पुँजी कोष अनुपात (Capital Adequacy Ratio) ११.९१ प्रतिशत, कर्जा तथा निक्षेप अनुपात (CD Ratio) ६०.८२ प्रतिशत, आधार दर पछिल्लो तीन महिनाको औसत ७.०१ प्रतिशत र असार महिनाको ६.७१ प्रतिशत रहेको छ । निष्कृय कर्जा अनुपात (NPA) ३.६५ प्रतिशत, व्याजदर अन्तर (Spread Rate) ३.९८ प्रतिशत, कोषको लागत दर (Cost of Fund) ४.८९ प्रतिशत तथा प्रतिशेयर आम्दानी (Earning Per Share) रु.२१.७३ रहेको छ। बैंकको सातै प्रदेश, ७७ वटै जिल्लामा २९४ वटा शाखा कार्यालय, ३१० वटा एटिएम र ७३ वटा एक्स्टेन्सन काउन्टर रहेको छ । आ.व.२०८०/८१ को चौथो त्रैमाससम्मको समिक्षा अवधिमा बैंकले सन्तोषजनक प्रगति हासिल गर्न सफल भएको छ भने नेपाल राष्ट्र बैंकले निर्धारण गरेको सूचकाङ्कहरु परिपालना गर्न तथा प्रमुख परिसूचकहरुमा सुविधाजनक स्थिति कायम गर्न सफल भएको छ।

☞ ५९ औं वर्ष लामो इतिहास बोकेको यस बैंकले आजको प्रतिस्पर्धी बैंकिङ्ग क्षेत्रमा देखाएको उपस्थितिप्रति यहाँ कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

➢ यस बैंकले देशको आर्थिक सामाजिक क्षेत्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ। प्रतिस्पर्धाका कारणले बजार हिस्मा कमी आएको भएतापनि बैंकले देशको दूरदराज तथा शहरी क्षेत्रमा आफ्नो उपस्थिति जनाउँदै आएको छ । आर्थिक स्थितिमा बढोत्तरी गर्ने, वित्तीय पहुँच विकास गर्ने, वित्तीय स्थिति सुधारमा सन्तोषजनक अवस्थामै रहेका छौं तर पनि प्रतिफल वितरण तथा गुणस्तरीय सेवा प्रवाहमा अझै धेरै कार्य गर्न बाँकी रहेको छ। चुस्त सेवा प्रवाह र पुँजी पर्याप्तताका लागि थप कार्य गर्नुपर्ने देख्छु । आजको दिनमा आइपुग्दा बैंकको वित्तीय अवस्था सबल र सक्षम रहेको छ।

☞ आफ्नो चार वर्षे कार्यकालमा यस बैंकको विकासका लागि मुलभूत रुपमा यहाँले के के कार्य गर्ने व्यवसायिक योजना बनाउनु भएको छ ?

➢ मेरो चारवर्षे कार्यकालमा गरिने महत्वपूर्ण त बैंकको व्यवसाय बृद्धि नै गर्ने हो साथसाथै, दरबन्दी अनुसार नयाँ कर्मचारीहरुको भर्ना, कर्मचारीहरुको दक्षता अभिबृद्धि, सेवा प्रवाहमा सूचना प्रविधिलाई परिष्कृत गर्दै कोर बैंकिङ्ग सफ्टवेयर परिवर्तन, डिजिटाइजेशन, एनपिए व्यवस्थापन, गैरकोषमा आधारित व्यवसायलाई बढाएर लैजाने, जोखिम नियन्त्रण, कम्प्लायन्सका विषयमा प्राथमिकताका साथ कार्य गरेर प्रतिस्पर्धात्मक बजारमा बैंकलाई अग्रणी बैंकको रुपमा राख्ने लक्ष्य रहेको छ। मेरो व्यवसायीक योजनामा रहेका यी कार्यहरु हरेक त्रैमासिक रुपमा गर्नका लागि कार्ययोजना बनाएका छौं । हरेक विभाग, प्रदेश कार्यालय, शाखा कार्यालयहरुले गर्ने कार्यहरु यसमा समावेश छन् । चारवर्षे कार्यकालको अन्तमा बैंकको खुख मुनाफा सात अर्ब पुर्‍याउने, एनपिए दुई प्रतिशतको हाराहारीमा ल्याउने, तीन सय ५० वटा एटिएम, ३५० वटा शाखा पुर्‍याउने, नयाँ प्रोडक्टहरु लन्च गर्ने, पूर्वाधार तथा उत्पादनशील क्षेत्रमा लगानी बढाउने, स्रोत साधनको अधिकतम उपयोग गर्ने, नेपाल सरकारलाई साढे सत्र प्रतिशतको दरले लाभांश उपलब्ध गराउने योजना रहेको छ। यस बैंकलाई तीन करोड नेपालीको आफ्नो बैंक बनाउने लक्ष्यका साथ अगाडि बढेका छौं ।

☞ केही समय अघि बैंकमा तरलताको कमी थियो । अहिले बैंकमा तरलता बद्‍दो अवस्थामा छ । तरलताको बद्‍दो अवस्थामा पनि बैंकको मुनाफालाई कायम राखिराख्न आगामी दिनमा कसरी जाने योजना बनाउनु भएको छ ?

➢ हामीसँग भएको वित्तीय स्रोतलाई अहिले उच्चतम रुपमा प्रयोग गर्न सकिएको छैन सिडी रेसियो अहिले पनि कमै छ । यसलाई बढाउन लगानीमा विभिन्न नयाँ क्षेत्रहरु पहिचान गरेर जानुपर्ने आवश्यकता रहेको छ । नयाँ सहायक कम्पनी स्थापना गर्ने, बैंकिङ्ग क्षेत्रका पहुँचमा नआएका वर्गलाई समेत लक्ष्य गरेर नयाँ प्रोडक्टहरु डिजाइन गर्दै छौं । खर्चहरुलाई मितव्ययी बनाउने, व्यवसायलाई निरन्तर बढाउने जस्ता कार्य गरेर बद्‍दो तरलताको व्यवस्थापन गरी बैंकको मुनाफालाई कायम गरिने योजना रहेको छ। साथै आरबिबि रेमिटलाई समेत पुनः अगाडि बढाएर प्रशस्त रेमिट्यान्स भित्र्याउने कार्यका लागि विदेशमा बैंकको उपस्थिति जनाउन अर्थ मन्त्रालयमा प्रस्ताब पेश गरेका छौं । यसका साथै किसानसँग राष्ट्रिय वाणिज्य बैंक कार्यक्रम, विदेशमा रोजगारीमा जाने युवाहरुको लागि र नेपाल सरकारसँग सहकार्य गरेर स्टार्टअप व्यवसायलाई कर्जा प्रदान गरी उद्यमशीलता विकासमा कार्य गर्ने छौं ।

☞ विभिन्न सूचक अनुसार अर्थतन्त्रमा मन्दी देखिएकाले पछिल्लो समय बैंकहरूको खराब कर्जा बढ्दो क्रममा छ। यस बैंकको खराब कर्जा

व्यवस्थापनका लागि कसरी कार्य गर्दै हुनुहुन्छ ?

➢ खासगरी कोभिड पछि बैंकको एनपिए चार प्रतिशतको हाराहरीमा पुगेको थियो । तर अहिले केही कमी भएको अवस्था छ । खासगरी ग्राहकसँग नियमित सम्पर्कमा रहने, कर्जाको पुनरसंरचना/पुनरतालिकिकरण, ब्याज रकमा छुट दिने, सहुलियतदरमा कर्जा प्रदान गर्ने जस्ता नियमित कार्यहरु गर्दछौं ।

साथै नेपाल राष्ट्र बैंकले निर्माण व्यवसायीहरूलाई प्रवाह भएको कर्जाको साँवा ब्याज तिर्ने अवधि २०८१ मंसिर मसान्तसम्म थप गर्ने, निर्माण व्यवसायहरूलाई कर्जा सूचना सम्बन्धी अर्को व्यवस्था नभएसम्मको लागि चेक अनादर भएको आधारमा मात्र कालोसूचीमा समावेश नगर्ने, निर्माण व्यवसायीहरूको जमानतहरू दावी भई सृजना भएको कर्जामा आर्थिक वर्ष २०८१/०८२ का लागि ऋण सृजना भएको मितिबाट अन्य कर्जा सरह कर्जा वर्गीकरण र कर्जा नोक्सानी व्यवस्था कायम गर्न सकिने मौद्रिक नीतिको व्यवस्थालाई कायन्वयन गरिनेछ ।

☞ बैंक भित्र क्रियाशील कर्मचारी युनियनहरुको भूमिका कस्तो हुनुपर्दछ भन्ने अपेक्षा गर्नु भएको छ ?

➢ संस्थाको सफलतामा व्यवस्थापन र क्रियाशील ट्रेड युनियनबीचको सुमधुर सम्बन्ध भएमात्र संस्थाले सफलता हासिल गर्दछ भन्ने विषयमा दुईमत छैन । बैंकमा क्रियाशील ट्रेड युनियनहरु सँगको सुमधुर औद्योगिक सम्बन्ध निरन्तर रहने छ भन्नेमा म विस्वस्त छु । व्यवस्थापनले कर्मचारीका सेवा सुविधा तथा समस्याहरुको विषयमा ट्रेड युनियनसँगको अन्तरक्रिया र सहकार्यलाई उच्च महत्व दिनुपर्दछ भने ट्रेड युनियनले पनि व्यवसायिक रुपमा संस्थामा रहेका सबै कर्मचारीहरुको समान वृत्ति विकास, हकहित र संस्थाको समृद्धि तथा उन्नतिका खातिर सिर्जनात्मक सल्लाह सुझाव प्रदान गर्नुपर्दछ । दुबै पक्षले आ-आफ्नो जिम्मेवारीबोध गरी कर्तव्य निर्वाह गर्न सकेको खण्डमा संस्थामा सुमधुर औद्योगिक सम्बन्ध कायम हुने र यसले व्यवस्थापन तथा कर्मचारीवर्गलाई असल कार्य वातावरण सृर्जना गर्दछ । यसको फलस्वरुपमा बैंकमा ट्रेड युनियन र व्यवस्थापन बीच पहिलेदेखि अहिलेसम्म पनि सुमधुर र मित्रवत् सम्बन्ध रहेको देख्छु ।

☞ बैंकमा अहिले पनि कर्मचारीको अभाव रहेको छ । यस अवस्थामा आम कर्मचारीहरुलाई बैंकप्रति थप जिम्मेवार भएर कार्य गर्नका लागि केही भन्न चाहनुहुन्छ कि ?

➢ हामी सबै यो संस्थासँग जोडिएका छौं । संस्थाको उन्नतीका लागि सबैले इमान्दार भएर कार्य गरेमा आफ्नो र संस्थाको हित हुन्छ । मैले प्रमुख कार्यकारी अधिकृत नियुक्त हुने बेलामा ल्याएको योजनाको कार्यन्वयनका लागि सबै कर्मचारीहरु दत्तचित्त भएर लाग्नु पर्दछ किन भने यो योजना बैंकको प्रगतिका लागि ल्याइएको छ । अहिले दरबन्दीभन्दा तीन सय कर्मचारीको संख्या कम छ यद्यपी विगतमा हामीले यो भन्दा पनि कम कर्मचारीबाट उत्कृष्ठ कार्य गरेर नतिजा ल्याएको अनुभव छ । अहिले पनि बैंकमा योग्य र दक्ष कर्मचारीहरु हुनुहुन्छ सबै मिलेर कार्य गर्नु पर्दछ । यो हाम्रो कर्तब्य पनि हो कि नागरिकलाई गुणस्तरीय सेवा दिनु । यो कर्तब्यमा लागिरहदा आत्मसन्तृष्टि पनि हुन्छ । म बैंक भित्रैबाट बैंकको सिइओ हुन सके त्यसकारणले कर्मचारीसँग अवसर पनि छ कि उत्कृष्ठ कार्य गरे बैंक भित्रबाट पनि सिइओ हुन सकिन्छ । सबै कर्मचारीलाई वृत्ति विकासको समान अवसर हुने छ । म सबै कर्मचारीहरुमा बैंकले तोकिएको जिम्मेवारी इमान्दार भएर पूरा गर्न अनुरोध गर्दछु । ■

## राष्ट्रिय वाणिज्य बैंकको सूचना अधिकारीमा उपकार्यकारी अधिकृत पवन रेग्मी



**काठमाडौं, २७ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड बैंक व्यवस्थापन समितिको मिति २०८१ भदौ १६ गते बसेको बैठकको निर्णयानुसार उपकार्यकारी अधिकृत पवन रेग्मीलाई बैंकको सूचना अधिकारीको जिम्मेवारी प्रदान गरिएको छ । ■

# लोन अटोमेशन सम्बन्धी तालिम प्रदान



**काठमाडौं, २ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा बैंकका कर्जा, जोखिम तथा ट्रेड फाइनान्स विभागहरुमा कार्यरत कर्मचारीहरुलाई तालिम आयोजना गरिएको छ । काठमाडौंमा आयोजना गरिएको तालिममा १८ जना कर्मचारीको सहभागिता रहेको थियो ।

लोन अटोमेशन प्रणाली प्रयोग गर्दा आइपर्ने व्यवहारिक कठिनाईहरुका समाधान गर्दै बाह्य प्रशिक्षक आयसा खानले प्रशिक्षण दिनुभएको थियो । तालिम कार्यक्रममा बैंकका विभागीय प्रमुख सोनी श्रेष्ठ, उप्रमुख अरुण ढुङ्गानाको उपस्थिति रहेको थियो । ■

## तालिम विदेश



Standard Chartered Correspondent Banking Academy ले Kuala Lumpur, Malaysia मा सञ्चालन गरेको Cash, Trade and Compliance विषयक तालिम कार्यक्रममा मिति 2024 July 25-26 सम्म तपसिल बमोजिमका बैंकका कर्मचारीले भाग लिनु भएको छ ।

१. मुख्य प्रबन्धक (लेखा) निम्बल श्रेष्ठ (११४७३) ■

# तीज उत्सव २०८१ मा राष्ट्रिय वाणिज्य बैंकलाई द्वितीय पुरस्कार



**काठमाडौं, १४ भदौ**

नेपाल सरकारको संस्कृति सम्बन्धी एकमात्र आधिकारीक एवम् ज्येष्ठ निकाय सांस्कृतिक सस्थानले आयोजना गरेको तीज गीत तथा नृत्य प्रतियोगिता "तीज उत्सव २०८१" मा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले द्वितीय पुरस्कार हासिल गर्न सफल भएको छ । १४ वटा संस्थानहरुले भाग लिएको उक्त प्रतियोगितामा प्रथम पुरस्कार नेपाल नागरिक उड्यान प्राधिकरण, तृतीय पुरस्कार नेपाल बैंक लिमिटेड र सान्त्वना पुरस्कार नेपाल टेलिकमले प्राप्त गर्न सफल भएका थिए । उक्त प्रतियोगितामा राष्ट्रिय वाणिज्य बैंकको तर्फबाट कर्मचारीहरु दुर्गा कुमारी कँडेल, पुष्पा खनाल, सपना शाही, बसन्ता पन्थी, ओमा सापकोटा, प्रतिमा केसी, मुना अधिकारी, वनु पौडेल, मैया भण्डारी, सुस्मा सापकोटा, शान्ति दाहाल, जुनि अधिकारी, सब्बु श्रेष्ठ, सीता अर्याल र आस्मा पौडेलको सहभागिता रहेको थियो । कार्यक्रमका प्रमुख अतिथि एवम् पूर्व सभामुख ओनसरी घर्ती मगरले विजयीहरुलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभएको थियो । ■

**युनियन गतिविधि**

## राष्ट्रिय वणिज्य बैंक कर्मचारी संघको तीज कार्यक्रम सम्पन्न




**काठमाडौं, १४ भदौ**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रीय महिला विभागको आयोजनामा महिलाहरुको महान् चाड हरितालिका तीज २०८१ को अवसरमा तीज विशेष शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ । रा.वा. बैंक कर्मचारी संघ नेपालकी उपाध्यक्ष एवम् केन्द्रीय महिला विभागकी संयोजक लक्ष्मी ज्ञवालीको अध्यक्षतामा आयोजीत उक्त कार्यक्रमको प्रमुख आतिथ्यता नेकपा एमालेकी केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेशकी पूर्व मन्त्री रचना खड्काले गर्नुभएको थियो । उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, रा.वा.बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारी समेतले तीजको शुभकामना व्यक्त गर्नुभएको थियो । ■

## नेपाल वित्तीय संस्था कर्मचारी संघको तीज कार्यक्रम सम्पन्न



**काठमाडौं, १३ भदौ**

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय महिला विभागको आयोजनामा नेपाली महिलाहरुको महान चाड हरितालिका तीज २०८१ को अवसरमा शुभकामना आदन प्रदान तथा दर खाने कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रम नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. की उपाध्यक्ष एवं केन्द्रीय महिला विभागकी संयोजक सपना शाहीको सभापतित्व तथा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य एवं नेपाल महिला संघकी अध्यक्ष उषा मिश्रको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त कार्यक्रममा नेपाल ट्रेड युनियन काँग्रेस महिला विभागकी अध्यक्ष सर्मिला ढुङ्गाना, नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि अध्यक्ष ईश्वरबहादुर सिंह, रा.वा.बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारी समेतले तीजको शुभकामना व्यक्त गर्नुभएको थियो । ■

## नेपाल राष्ट्रिय कर्मचारी संगठनको तीज कार्यक्रम सम्पन्न




काठमाडौं, १६ भदौ

नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय महिला विभागको आयो जनामा महिलाहरुको महान चाड हरितालिका तीज २०८१ को अवसरमा महिला सशक्तिकरण तथा शुभकामना आदान प्रदान कार्यक्रम सम्पन्न भएको छ । नेपाल राष्ट्रिय कर्मचारी संगठनकी कोषाध्यक्ष एवम् केन्द्रीय महिला विभागकी संयोजक न्हसला तुलाधरको अध्यक्षतामा आयोजीत उक्त कार्यक्रमको प्रमुख आतिथ्यता नेपाल राष्ट्रिय कर्मचारी महासंघका महिला विभागकी प्रतिनिधि कमला तिवारीले गर्नुभएको थियो । उक्त कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी संगठन रा.वा.बैकका अध्यक्ष दिपेन्द्र कार्की, महासचिव उभार पाण्डेले तीजको शुभकामना व्यक्त गर्नुभएको थियो । ■

# राष्ट्रिय वाणिज्य बैंक र खाद्य व्यवस्था तथा व्यापार कम्पनी बीच सम्झौता



**काठमाडौं, २१ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड बीच कम्पनीका कर्मचारीहरुलाई पेसाकर्मी सरल कर्जा प्रवाह गर्ने तथा तलबी खाता सञ्चालन गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल र खाद्य व्यवस्था तथा व्यापार कम्पनीका प्रमुख कार्यकारी अधिकृत रमेश आचार्यले हस्ताक्षर गर्नुभएको छ।

उक्त सम्झौता भएपश्चात कम्पनीमा कार्यरत तोकिएको सेवाअवधि पूरा गरेका कर्मचारीहरुलाई कम्पनीको सिफारिसमा अधिकतम १५ लाख रुपैंया सम्म बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही बैंकले पेसाकर्मी सरल कर्जा प्रवाह गर्ने छ। बैंकले आधार दरमा २ प्रतिशत प्रिमियम जोडी ब्याजदर कायम गरी कर्जा लगानी गर्ने छ। हाल बैंकको आधार दर ६।६६ प्रतिशत रहेको छ। सम्झौता अनुसार कम्पनीका कर्मचारीहरुको तलबी खाता बैंकले सञ्चालन गर्नेछ। यस पश्चात दुवै पक्ष लाभान्वित हुने विश्वास गरिएको छ।

उक्त अवसरमा कम्पनीका विभागीय प्रमुखहरु डिल्लीराज लम्साल, घनश्याम अर्याल, अधिकृत रामसफल साह, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेश प्रसाल लोहनी, उपकार्यकारी अधिकृतहरु विमल डंगोल, पवन रेग्मी, विनयरमण पौडेल, रामकुमार थापा, विभागीय प्रमुख आनन्द सुवेदी, उपप्रमुख दिनेश न्यौपाने, शाखा कार्यालय थापाथलीका शाखा प्रबन्धक बिक्रममान श्रेष्ठ, लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो। ■

## ब्रान्च प्रोफाइल

(आ.व. २०७९।०८० मा विशिष्ट तथा क वर्गका शाखा कार्यालयहरु मध्येबाट उत्कृष्ट प्रथम)

### शाखा कार्यालय बानेश्वर (१४२)



निक्षेप = रु. १२,१२,५४,७४,६६४।६६
कर्जा = रु.३,७५,४१,९२,८४७।७४
नाफा/नोक्सान = रु. -२७,८२,१५,३९९।०७
एनपिए : ०.५८ प्रतिशत
कर्मचारी संख्या = २१ जना
स्थापित मिति : बि.सं. २०३७।०९।१४
शाखा प्रबन्धक: इश्वरी न्यौपाने

**सफलताको रहस्य :**

ग्राहकमैत्री सेवा प्रवाह, कर्मचारीहरुको काम प्रतिको लगनशीलता, कर्मचारीहरुको एकअर्का प्रतिको विश्वास र सहकार्य, काम प्रति जिम्मेवार हुनुका साथै सामुहिक भावनाले काम गर्दा नतिजामुखी कार्यसम्पादन हुनु नै प्रमुख कारण हुन्। ■

## समवेदना

यस बैंकका संस्थागत तथा साना मझौला कर्जा विभागमा कार्यरत बरिष्ठ सहायक(सू.प्र.) जेम्स जोशी(११८७२) का पिता र कर्पोरेट शाखामा कार्यरत बरिष्ठ सहायक जानकी कुमारी न्यौपाने (१२९००) का ससुरा उमाकान्त कठायत जैसी, शाखा कार्यलय इनरुवामा कार्यरत शाखा प्रबन्धक विष्णु निरौला(११०९९) की माता डम्बर कुमारी निरौला, शा.का.पृथ्वीचोकमा कार्यरत सहायक प्रबन्धक मुन बहादुर बुढा (११४३८) का पिता मुन बुढा, के.का. उपभोक्ता बैंकिङ्ग विभागमा कार्यरत प्रबन्धक रोजना बिष्ट(१२४४३) का ससुरा धिरेन्द्रबहादुर बिष्टको केही दिन पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लि. परिवार

**प्रकाशक**
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोनः ०१-५७२१२२०, Ext. २४२३
ई-मेलः rbbnl@rbb.com.np
वेबसाइटः www.rbb.com.np

**प्रमुख सल्लाहकार**
देवेन्द्ररमण खनाल
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
पवन रेग्मी
उपकार्यकारी अधिकृत तथा सूचना अधिकारी

**सम्पादक**
ईश्वर उप्रेती

**डिजाइन**
राजु तामाङ